कर्णाली प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

## वीरेन्द्रनगर, सुर्खेत ।

**सहिद तथा बेपत्ता परिवारका सदस्यलाई सहिद स्मृति भत्ता प्राप्तिको लागि निवेदन दिने सम्बन्धी सूचना!**

कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७८/०७/०७ को निर्णयानुसार जनयुद्ध, जनआन्दोलन र प्रदेश प्राप्तिको आन्दोलनका क्रममा सहिद तथा बेपत्ता भएका परिवारका सदस्यलाई स्थानीय तहमार्फत सहिद स्मृति भत्ता प्रदान गर्न **सहिद स्मृति भत्ता वितरण कार्यविधि, २०७८"** स्वीकृत भएकोले उक्त कार्यविधिमा उल्लेखित ढाँचा र संलग्न राख्नुपर्ने कागजात सहित सम्बन्धित स्थानीय तहमा मिति २०७८ पौष १५ गते भित्र सहिद स्मृति भत्ता प्राप्तिको लागि निवेदन दिनु हुन र यस सम्बन्धी विस्तृत जानकारीको लागि यस मन्त्रालयको वेभसाइट moial.karnali.gov.np तथा सम्बन्धित स्थानीय तहमा सम्पर्क गर्नु हुन सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**सहिद स्मृतिको भत्ता लागि दिने निवेदनको ढाँचा**

मितिः २०७८... /.... /...

श्री .............................................

...........................................

**विषयः सहिद स्मृति भत्ता उपलब्ध गराई पाउँ ।**

कर्णाली प्रदेश सरकारले जारी गरेको **"सहिद स्मृत्ति भत्ता वितरण कार्यविधि, २०७८"** बमोजिम भत्ता उपलब्ध गराईदिनुहुन देहायका कागजात यसैसाथ संलग्न राखी यो निवेदन पेश गरेको छु।

**संलग्न कागजात :**

(क) निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) सहिद वा बेपत्ता सँगको नाता प्रमाणित प्रमाण पत्रको प्रतिलिपि,

(ग) जिल्ला प्रशासन कार्यालयबाट प्राप्त सहिद वा बेपत्ताको भएको प्रमाण खुल्ने कागजात वा बेपत्ताको हकमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले दिएको परिचयपत्रको प्रतिलिपि,

(घ) हकवालाको खाता नम्बर स्पष्ट देखिने बैंक खाता नम्बरको प्रतिलिपि,

हस्ताक्षर :

नामः

ठेगानाः

सम्पर्क टेलिफोन नं.